स्थानीय सरकार

# लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५८०३०५, ०७१-५८०३५०
Email: info@lumbinisanskritikmun.gov.np
lumbiniculturalmunicipality@gmail.com
Website: lumbinisanskritikmun.gov.np

पत्र संख्या : २०८२/०८४
सूचना नं. ४

**विषयः एल.पी. ग्यास (LP Gas) बिक्री वितरण तथा कालोबजारी नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना।**

(सूचना प्रकाशित मितिः २०८३/०४/२६)

प्रस्तुत विषयमा विगत केही दिन देखि बजारमा एल.पी. ग्यास (LP Gas) को आपूर्तिमा देखिएको असहज परिस्थितिको फाइदा उठाई केही व्यवसायी तथा बिक्रेताहरूबाट ग्यास लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने तथा तोकिएको मूल्यभन्दा बढी मूल्यमा बिक्री गर्ने जस्ता कार्यहरू भइरहेको भन्ने गुनासाहरू प्राप्त हुन आएका छन्। यसबाट आम उपभोक्तालाई पर्न सक्ने असुविधा तथा आर्थिक भारलाई मध्यनजर गर्दै उपभोक्ताको हित संरक्षण, ग्यासको सहज एवं न्यायोचित वितरण र कालोबजारी नियन्त्रण गर्न लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र एल.पी. ग्यासको बिक्री वितरण गर्ने सम्पूर्ण व्यवसायी, डिलर तथा सब-डिलरहरूले देहायबमोजिमका व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायबमोजिम**

१. सम्बन्धित निकायबाट प्रचलित कानूनबमोजिम अनुमति/इजाजत प्राप्त आधिकारिक डिलर तथा सब-डिलरबाट मात्र एल.पी. ग्यासको बिक्री वितरण गर्नुहुन।

२. प्रत्येक डिलर तथा सब-डिलरले दैनिक रूपमा बिक्री गरिएको ग्यासको परिमाण, उपभोक्ताको नाम, ठेगाना, सम्पर्क नम्बर, बिक्री मिति लगायतका विवरण स्पष्ट रूपमा खुल्ने गरी बिक्री अभिलेख/रजिस्टर तयार गरी सुरक्षित राख्नुहुन।

३. एल.पी. ग्यास लुकाउने, अनावश्यक रूपमा भण्डारण गरी कृत्रिम अभाव सिर्जना गर्ने, तोकिएको मूल्यभन्दा बढी मूल्यमा बिक्री गर्ने, ग्यासको अवैध रूपमा बिक्री वितरण गर्ने वा उपभोक्तालाई अनावश्यक दुःख दिने कुनै पनि कार्य गर्न पाइने छैन।

४. एल.पी. ग्यासको बिक्री गर्दा सम्बन्धित निकायबाट निर्धारण/तोकिएको अधिकतम खुद्रा मूल्य (MRP) भन्दा बढी मूल्य लिन पाइने छैन। बिक्री मूल्य स्पष्ट रूपमा उपभोक्ताले देख्ने गरी राख्नुपर्नेछ।

५. एल.पी. ग्यासको आपूर्ति, बिक्री वितरण, मूल्य तथा मौज्दातको अवस्था र कालोबजारी नियन्त्रणका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका, स्थानीय प्रशासन, प्रहरी तथा सम्बन्धित सरोकारवाला निकायहरूबाट नियमित तथा आकस्मिक अनुगमन भई रहेकोले अनुगमनका क्रममा ग्यास लुकाएको, कृत्रिम अभाव सिर्जना गरेको, तोकिएको मूल्यभन्दा बढीमा बिक्री गरेको, बिक्री वितरणको अभिलेख नराखेको, अनधिकृत रूपमा ग्यास बिक्री गरेको वा प्रचलित कानूनविपरीत अन्य कुनै कार्य गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ। आवश्यकताअनुसार व्यवसायको इजाजत/अनुमति सम्बन्धमा समेत सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गरिनेछ।

सम्बन्धित सबै उपभोक्ताहरुलाई ग्यास खरिद गर्दा तोकिएको मूल्यभन्दा बढी रकम नतिर्न, बिल/रसिद लिन तथा ग्यास लुकाउने वा कालोबजारी गरेको जानकारी भएमा लुम्बिनी साँस्कृतिक नगरपालिका वा नजिकको प्रहरी कार्यालयमा तत्काल जानकारी गराई कालोबजारी नियन्त्रण तथा उपभोक्ता हित संरक्षण कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासी, व्यवसायी तथा सरोकारवाला पक्षमा अनुरोध छ।

२०८३/४/२६

कल्पना हरिजन
कार्यवाहक नगर प्रमुख

कार्यवाहक नगर प्रमुख